# खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड

## प्रधान कार्यालय, काठमाडौं

## स्थलमार्गबाट खाद्यबस्तु ढुवानी सम्बन्धी बोलपत्र आह्वानको सूचना संशोधन गरिएको बारे सूचना ।

**प्रकाशित मितिः २०८३।०३।३२**

यस कम्पनीबाट मिति २०८३/०३/१६ गते स्थलमार्गबाट खाद्यबस्तु ढुवानी सम्बन्धी बिद्युतीय माध्यमबाट बोलपत्र आह्वानको सूचना प्रकाशित गरिएकोमा श्री सार्वजनिक खरिद अनुगमन कार्यालय, केसरमहल काठमाडौंबाट प.सं. ०८२/८३, च.नं. ८७, सू. प्र./ ९० र मिति२०८३/०३/२९ गते जारी भएको सूचना तथा जानकारी बमोजिम यस कम्पनीबाट भएको माथि उल्लेखित बोलपत्र आह्वान सम्बन्धी सूचनामा समेत तपशिल बमोजिम लागू हुने व्यहोरा सम्पूर्ण बोलपत्रदाताहरुमा जानकारी गराईन्छ ।

१. "सार्वजनिक खरिद (दोश्रो संशोधन) ऐन,२०८३" मिति २०८३/०३/२५ गते प्रमाणिकरण भई प्रारम्भ समेत भएको हुँदा यस कम्पनीबाट मिति २०८३/०३/१६ गते प्रकाशित बोलपत्र आह्वानको सूचनामा उल्लेखित बोलपत्र कागजातहरुको हकमा सोही संशोधन बमोजिम हुनेछ ।

२. "बिद्युतीय खरिद प्रणालीबाट बोलपत्रको सूचना आह्वान गरिएकोमा त्यस्तो दस्तुर लाग्ने छैन" भनी भएको व्यवस्था बमोजिम बोलपत्रदाताले बोलपत्र पेश गर्दा Bid Document Fee मा सादा कागज PDF फर्मेटमा अपलोड गर्नुपर्नेछ।

३. तोकिएको समयभित्र प्राप्त हुने बोलपत्रहरुको मूल्यांकनको हकमा समेत संशोधित सार्वजनिक खरिद (दोश्रो संशोधन) ऐन, २०८३ बमोजिम हुने व्यहोरा सबैमा जानकारी गराईन्छ ।

**प्रधान कार्यालय, खरिद विभाग (खरिद एकाई), भद्रकाली प्लाजा, काठमाडौं फोन नं. ०१५३६०८४४**
**website:www.fmtc.org.np e-mail: procurement@fmtc.org.np**

CamScanner